केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४३/०६६/६७ मिति : २०६७/०१/३१

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं. २/०६६ को बुँदा नं. ९ (कर्जा नोक्सानी वापत कायम गर्नुपर्ने व्यवस्था) को खण्ड (२) को (क) लाई देहाय बमोजिम परिमार्जन गरिएको छ।

(क) पुनरसंरचना वा पुनरतालिकीकरण गर्दाको अवस्थामा असल वर्गमा वर्गीकरण भैरहेका कर्जाहरुलाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा न्यूनतम साढे वाह्र प्रतिशत (१२.५%) कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने छ। कमशल, शंकास्पद तथा खराव वर्गमा वर्गीकरण भैसकेका कर्जाहरुलाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा पूर्ववत कायम गरिएको कर्जा नोक्सानी व्यवस्थामा कुनै समायोजन गर्न पाईने छैन।

तर, कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण गरी कर्जा पुनरवर्गीकरण भएमा पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको साँवा तथा व्याजको भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएमा मात्र कर्जा नोक्सानी व्यवस्थालाई समायोजन गर्न सकिने छ। यस्ता कर्जाहरुको विवरण अलग्गै तयार गर्नुपर्ने छ।

किस्तावन्दी वा Equal Monthly Instalment (EMI) मा प्रदान गरिएका कर्जाहरुको हकमा कर्जाको साँवा तथा ब्याज नियमित रहेको अवस्थामा देहायको त्यस्तो कर्जाको लागि पुनरसंरचना वा पुनरतालिकीकरण सरह थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छैन।

(अ) कर्जाको किस्ता अग्रिम भुक्तानी भएको (Prepayment) कारणले किस्तावन्दीको रकम एवं किस्ता संख्या कम भएमा।

(आ) बजारको अवस्था हेरी व्याजदर परिवर्तन गरिएको कारणबाट कर्जाको समयावधि तथा किस्ता रकम परिवर्तन भएमा। यस प्रसंगमा व्याजदर बढी कर्जाको समयावधि तथा किस्ता संख्या थपिन गएमा कर्जा स्वीकृत गर्दाको वखत निर्धारित किस्ता रकम घटाउन पाइने छैन। त्यस्तै, व्याजदर घटी कर्जाको समयावधि तथा किस्ता संख्या घट्न गएमा पनि कर्जा स्वीकृत गर्दाको वखत निर्धारित किस्ता रकम घटाउन पाइने छैन।

२. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं. १०/०६६ को बुँदा नं. १६ मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गरिएको छ।

बैंक तथा वित्तीय संस्थाले पुँजी वृद्धि गर्न एवं पुँजी संरचना परिवर्तन गर्न चाहेमा देहायका शर्तको अधिनमा रही गर्नुपर्ने छ।

(क) पुँजी वृद्धिपछि कुल पुँजीमा सर्वसाधारण शेयर स्वामित्वको अनुपात पुँजी वृद्धि अघि कायम रहेको सर्वसाधारण शेयर स्वामित्वको अनुपातभन्दा कमी नहुने गरी मात्र पुँजी वृद्धि गर्नुपर्ने छ।

(ख) यस बैंकको निर्देशन बमोजिम आर्थिक वर्ष २०६४।६५ देखि २०७० आषाढ मसान्तसम्ममा तोकिएको चुक्ता पुँजी पूरा गर्नुपर्ने संस्था बाहेकका बैंक तथा वित्तीय संस्थाले तयार गरी पेश गरेको पुँजी योजना अनुसार तोकिएको न्यूनतम चुक्ता पुँजी कायम गर्न Right Re-nounce गर्ने प्रयोजन बाहेक इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको पुँजी बृद्धि गर्दा संस्थापक समूहमा नयाँ शेयरधनी थप गर्न पाइने छैन।

(ग) बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि एवं पुँजी संरचनामा परिवर्तन गर्न प्रचलित कानुन बमोजिम सम्वन्धित संस्थाको वार्षिक साधारण सभा/विशेष साधारण सभावाट स्वीकृत गराउनु पर्नेछ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(घ) यस कार्यका लागि यस अघि सैद्धान्तिक सहमति दिइसकेको अवस्थामा उक्त सैद्धान्तिक सहमतिमा उल्लेखित शर्तको अधिनमा रही कार्यान्वयन गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(ङ) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं. १०/०६६ को बुँदा नं. १६ (बै.वि.नि.वि./नीति/परिपत्र/३/०६५।६६ मिति २०६५।४।२८ को परिपत्र) मा भएको व्यवस्था बमोजिम संस्थापक शेयरको अनुपात थप गर्न स्वीकृति प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाले यस निर्देशनको बुँदा नं. १५ अनुसार संस्थापक शेयर सर्वसाधारणमा परिवर्तन/परिणत गर्न पाउने छैनन् । साथै, सो को अभिलेखका लागि शेयर पुस्तिकामा अभिलेखीकरण गरी प्रत्येक आर्थिक वर्षको वार्षिक प्रतिवेदनमा उक्त विषय खुलाउनु पर्नेछ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।